Damak Campus Journal 2025, **14 (1): 140-154**
ISSN : 2565-4772 (Print)
DOI: https://doi.org/10.3126/dcj.v14i1.89304

# मुसाको सिङ कवितासङ्ग्रहको विधागत विश्लेषण

तिलकप्रसाद लम्साल
नेपाली शिक्षा
नेपाल खुला विश्वविद्यालय, मानभवन, ललितपुर
Email: tilaklamsal522@gmail.com

**सार**

कवि भानुभक्त पोखरेलको मुसाको सिङ (२०६१) कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरूको विधागत दृष्टिले विश्लेषण नभएको अवस्था प्रस्तुत अध्ययनको प्रमुख समस्या हो । अतः यसै समस्यासँग सम्बद्ध भई शीर्षकीकरण, संरचना, विषयवस्तु तथा भावविधान, छन्द एवम् लयविधान र भाषाशैलीलाई थिमका रूपमा लिएर उक्त कवितासङ्ग्रहमा समाविष्ट कविताहरूको विधागत विश्लेण गर्नु प्रस्तुत अध्ययनको उद्देश्य हो । गुणात्मक शोध ढाँचामा आधारित प्रस्तुत अध्ययनका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी विवेच्य कवितासङ्ग्रहका विशिष्ट पङ्क्तिहरूलाई अध्ययनका सूचक पक्ष मानेर कविता विधाका पक्षलाई अध्ययनको सैद्धान्तिक आधार मानिएको छ । यस क्रममा थिम (विषयवस्तु) हरूलाई वर्णनात्मक र विश्लेषणात्मक अध्ययन विधिका माध्यमबाट शीर्षकीकरण, संरचना, विषयवस्तु तथा भावविधान, छन्द एवम् लयविधान र भाषाशैलीलाई प्राप्तिका रूपमा चर्चा गरिएको छ । विषयवस्तु तथा भावविधानको चर्चा गर्ने क्रममा राष्ट्रप्रेम, नारी स्वतन्त्रता र सामर्थ्य चेतना, जीवनवादी दृष्टिकोण, मानवतावादी दर्शन, प्रेमप्रणय चिन्तन, काव्यचिन्तन, युगबोध र जीवनबोधसम्बन्धी दार्शनिक दृष्टिकोण, व्यङ्ग्यात्मकता, विद्रोही भाव तथा क्रान्तिकारिता, सुरम्य प्रकृति चित्रण, सांस्कृतिक आर्षमहिमा गान, ग्राम विकास प्रियताजस्ता मानव जीवनका विविध विषय र भावहरू विवेच्य सङ्ग्रहका कविताहरूले समेटेको निष्कर्ष प्राप्त भएको छ । कविताहरूको समीक्षा गर्ने विभिन्न दृष्टिकोणहरू रहेता पनि यस अध्ययनका लागि शीर्षक सार्थकता, संरचना, विषयवस्तु तथा भावविधान, छन्द एवम् लयविधान र भाषाशैलीका दृष्टिले मात्र समीक्षा गर्नु यस लेखको सीमा हो । प्रस्तुत लेखमा गर्भे टिप्पणी र सन्दर्भ सामग्री सूचिलाई एपिए पद्धतिको ढाँचामा सातौँ संस्करणअनुसार राखिएको छ ।

**मुख्य पदपदावली :** काव्यचिन्तन, जीवनबोध, प्रकृतिचित्रण, युगबोध, राष्ट्रप्रेम ।

## परिचय

साहित्यका विधाअन्तर्गत कविता, कथा, उपन्यास, नाटक तथा निबन्धजस्ता प्रकारहरू पर्दछन् । यी विधामध्ये कविताविधा सर्वप्राचीन विद्या हुनुका साथै साहित्यका अन्य विधाको तुलनामा निकै लोकप्रिय र विकसित विधाको रूपमा रहेको देखिन्छ । अतः यस शीर्षकअन्तर्गत कविताविधाको परिचय र अनुसन्धानको सैद्धान्तिक आधारलाई प्रस्तुत गरिएको छ ।

### कविताविधा

कविता भन्नाले कुनै भाव वा अनुभूति विशेषलाई लिएर लेखिएको कुनै फुटकर रचना हो भन्ने बुझिन्छ । यसलाई स्फुट वा मुक्तक कविताको संज्ञा पनि दिन सकिन्छ । कवि शब्दबाट काव्य वा कविता शब्द बनेको देखिन्छ । कवि शब्दको व्युत्पत्ति 'कु' धातुमा 'अच्' (ड) प्रत्यय जोडेर बनेको हो (थापा, २०५०, पृ.३३) । यसरी हेर्दा 'कविता' शब्दको शाब्दिक अर्थ 'कविको कर्म वा कविको रचना' भन्ने बुझिन्छ । अर्थात् काव्यलाई कविको कर्म भनिन्छ । कविद्वारा कविताको सिर्जना हुन्छ । काव्य वा कविताको सर्जक कवि भएकोले कविको कर्मलाई काव्य वा कविता भनिन्छ (पौडेल, २०७६, पृ.८ ) । 'कवि' शब्दमा 'ता' प्रत्यय लागेर कविता शब्दको निर्माण भएको देखिन्छ (ढुङ्गेल र दाहाल, २०६१, पृ. १) । त्यसैगरी 'कवि' शब्दको यौगिक अर्थ 'शब्द गर्ने' भन्ने हुन्छ । रमणीय अर्थ बुझाउने, रसात्मक वाक्य काव्य हो भन्ने सिद्धान्तमा पनि शब्द विशेषको नै बोध हुन्छ (भट्टराई, २०७७, पृ.२५९) । पूर्वीय साहित्य सिद्धान्तमा काव्य वा कवितालाई सामान्यतः समानार्थी रूपमा लिइने गरेको देखिन्छ ।

प्राचीन कालदेखि नै कवितालाई परिभाषित गर्ने गरिए पनि कविता के हो भनेर चिनाउन कठिन हुँदै आएको कुरा विद्वान्हरूले बताउने गरेको पाइन्छ । पूर्वीय आचार्य विश्वनाथले रसात्मक वाक्य नै काव्य हो भनेका छन् (थापा, २०५०, पृ.३६) । पाश्चात्य साहित्य सिद्धान्तमा पनि कवितालाई विशद रूपमा चर्चा गरिएको पाइन्छ । पाश्चात्य कवि वर्डस्वर्थको दृष्टिमा कविता प्रवल मनोद्वेगको स्वच्छन्द प्रवाह हो, यसको उत्पत्ति शान्तावस्थामा सञ्चित अनुभूतिहरूबाट हुन्छ (थापा, २०५०, पृ.४०) । नेपाली साहित्यकारहरूले पनि कविताविधाको परिभाषा गरेको पाइन्छ । यस सम्बन्धमा बालकृष्ण समले भावनाको बौद्धिक कोमलता नै कविता हो भनेका छन् (थापा, २०५०, पृ.४३) । त्यस्तै भावार्थका रूपमा माधव घिमिरेले भनेझैं शब्द, सङ्गित, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो (शर्मा र पौडेल, २०७३, पृ.२१५) । यस दृष्टिले हेर्दा कविता विधा भावानुभूतिको तरलता हो । शर्मा र पौडेल (२०७३) का अनुसार जीवनजगत्का विविध देश, काल, परिस्थिति र वातावरणले मानिस भावुक हुन जान्छ । यी परिस्थितिबाट उत्पन्न अनुभवहरूलाई

अभिव्यक्ति दिएर मानिसले आनन्द प्राप्त गर्दछ । मानिसको यही प्रवृत्तिका कारण कविताको जन्म हुन्छ । यसमा भाव, कल्पना र बुद्धिको संमिश्रण हुन्छ (पृ.२१५) ।

काव्य वा कविता निर्माणका लागि आवश्यक पर्ने उपकरणहरूलाई कविताका तफ्वका रूपमा लिइन्छ । काव्यका तफ्वलाई भावपक्ष र कलापक्षको रूपमा पनि चिनाएको पाइन्छ (उपाध्याय, २०४९, पृ.२३०) । भावपक्षलाई आन्तरिक पक्ष (कल्पना वा सङ्कल्प, भावना वा रागात्मक अनुभूति, विवेका वा बुद्धि आदि) र कलापक्षलाई बाह्य पक्ष (अलङ्कार, रीति, गुण, औचित्य आदि) मानेको पाइन्छ । यद्यपि काव्य वा कविताका तत्त्वहरूका सम्बन्धमा मतैक्य पाइँदैन । तापनि शीर्षक, संरचना, विषयवस्तु, लयविधान, भावविधान, भाषाशैली, कथनपद्धति तथा विम्बविधानजस्ता पक्षलाई कविताका तत्त्वहरू मानिँदै आएको छ ।

कविताविधाका स्वरूपमा पनि विविधता पाइन्छ । कविताका रूपहरूमा लघुत्तम रूप (गजल), लघु रूप (फुटकर वा स्फुट कविता), मध्यम रूप (खण्डकाव्य), बृहत् रूप (महाकाव्य) पर्दछन् । यसमध्ये आख्यानहीन वा कुनै कुनैमा आख्यानको अंश पनि हुने छोटो अभिव्यक्तिलाई स्फुट कविता भनिन्छ । भावधाराका दृष्टिले स्फुट कविता अनेक प्रकारका हुन सक्छन्, जस्तै : रतिरागात्मक, प्रकृतिवर्णनात्मक, हास्य, व्यङ्ग्य, करुणरसात्मक, वीररसात्मक, नैतिक, भक्ति वा स्तुतिपरक, दार्शनिक आदि (उपाध्याय, २०४९, पृ.१२५-१२७) । यस रूपलाई फुटकर कविता पनि भनिन्छ ।

प्रस्तुत लेखको विवेच्य कृति मुसाको सिङ (२०६१) पनि फुटकर कविताहरूको सङ्ग्रह हो । फुटकर कवितादेखि खण्डकाव्य हुँदै महाकाव्यसम्मको काव्ययात्रा गरेका भानुभक्त पोखरेल (१९९३-२०७०) मूलतः कविव्यक्तित्वका रूपमा देखिन्छन् । अवस्थीले (२०६८) उनलाई नेपाली साहित्यका सृजन, समीक्षण र प्राध्यापन जस्ता क्षेत्रमा क्रियाशील रहँदै विशेषतः कवि एवम् काव्यशास्त्री र समालोचकका रूपमा स्थापित व्यक्तित्व मानेका छन् । तत्कालीन समयमा पूर्व नेपालका तीन तारा (बालकृष्ण पोखरेल, भानुभक्त पोखरेल र नरेन्द्र चापागाइँ) मध्ये एक तारा मानिने कवि भानुभक्त पोखरेलका अन्य काव्यकृतिहरूको व्याख्या विश्लेषण हुने गरे पनि उनको मुसाको सिङ (२०६१) कवितासङ्ग्रहमा सङ्कलित कविताहरूको कविताका तत्त्वका आधारमा विश्लेषण हुन सकेको छैन । अतः उक्त कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरूको विधागत दृष्टिले विश्लेण नहुनु यस अध्ययनको प्रमुख समस्या हो । अतः यसै समस्यासँग सम्बद्ध भएर प्रस्तुत कवितासङ्ग्रहमा समाविष्ट कविताहरूको विश्लेषण गर्नु प्रस्तुत

अध्ययनको उद्देश्य रहेको छ । कविताविधाको विश्लेषण गर्ने शीर्षकीकरण, संरचना, विषयवस्तु, भावविधान, लयविधान, कथनपद्धति, भाषाशैली, विम्बविधानजस्ता विविध तत्त्वहरू रहे तापनि यस अध्ययनका लागि शीर्षकीकरण, संरचना, विषयवस्तु तथा भावविधान, छन्द एवम् लयविधान, भाषाशैलीका दृष्टिले मात्र समीक्षा गर्नु यस लेखको सीमा हो । प्रस्तुत लेखको आकारगत सीमितताका कारण सीमित साक्ष्यहरू राखेर भाव तथा विचारको चर्चा गर्नु यस लेखको अर्को सीमा हो ।

**सैद्धान्तिक आधार**

कविता विधाका कविताविधाका तत्त्वहरूमा मूलतः शीर्षकीकरण, संरचना, विषयवस्तु, भावविधान, लयविधान, कथनपद्धति, भाषाशैली, विम्बविधानजस्ता पक्ष पर्दछन् (पौडेल, २०७६, पृ.८) । कविले गरेको कविताको नामकरण नै शीर्षकीकरण हो । यसले कविताको मुख्य विषय वा भावलाई समेटेको हुन्छ । कवितामा कुनै न कुनै विषयवस्तुको कथन गरिएको हुन्छ । उक्त विषयवस्तुको सारका माध्यमबाट कवितामा सन्देश वा भावको प्रकटीकरण हुन जान्छ । कविताको सिङ्गो बनोट (बनावट) र बुनोट (बनावटको ढङ्ग) नै यसको संरचना हो । यो पङ्क्ति पङ्क्ति वा श्लोक श्लोकका रूपमा मिलेर आएको हुन्छ । त्यस्तै कविताको अर्को तत्त्व लयविधान हो । कविता लयवद्ध वा लयमुक्त जुनसुकै रूपमा हुन सक्छ । तर यो कविताको अनिवार्य तत्त्व हो । यसले कवितालाई मिठो र रसिलो तुल्याउँछ । त्यसैगरी कविताको तत्त्वका रूपमा कथनपद्धति वा कथनढाँचा (दुष्टिबिन्दु) पनि रहेको हुन्छ । कविले कविताको कथन गर्दा आफैँले प्रथम पुरुष (म) को कोणबाट अभिव्यक्त गरेको अवस्थालाई प्रथम पुरुषको कथनढाँचा (आन्तरिक दृष्टिबिन्दु) र तृतीय पुरुष (ऊ) को कोणबाट पनि अभिव्यक्त गरेको अवस्थालाई तृतीय पुरुषको कथन ढाँचा (बाह्य दृष्टिबिन्दु) भन्ने गरिन्छ । कविताविधाको अर्को तत्त्व भाषाशैली हो । कविताको विषयगत वा भावगत पक्षलाई व्यक्त गर्न भाषाका वर्ण, शब्द वा वाक्यको चयन गरिएको हुन्छ । त्यसलाई नै कविताको भाषाशैली भनिन्छ । कविताको भाषा अभिधामूलक हुनुभन्दा लक्षणामूलक र व्यञ्जनामूलक हुनु उपयुक्त हुन्छ । त्यसै गरी कविता विधाको अर्को तत्त्वका रूपमा विम्ब, प्रतीक तथा अलङ्कार रहेको देखिन्छ । जीवनजगत्का विभिन्न पाटाबाट टिपिएका विम्ब तथा प्रतीकहरूले कविताको भावलाई परिपाक अवस्थामा पुऱ्याउने काम गर्छ भने साहित्यशास्त्रमा वर्णित अलङ्कारहरूले कविताको सौन्दर्य वृद्धि गर्न सहयोग गर्दछन् । प्रस्तुत कवितासङ्ग्रहमा समाहित भएका कविताहरूलाई यिनै तफ्वहरूका सैद्धान्तिक सापेक्षतामा विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक शोध ढाँचामा आधारित रहेको छ । यस अध्ययनका लागि प्राथमिक र द्वितीयक दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका रूपमा 'मुसाको सिङ' कवितासङ्ग्रह (२०६१) लाई लिइएको छ भने द्वितीयक स्रोतका रूपमा पूर्वअध्ययनहरूलाई लिइएको छ । यस अध्ययनका लागि पुस्तकालयीय पद्धतिबाट सामग्री सङ्कलन गरिएको छ । क्षेत्रीय अध्ययन कार्य अवलम्बन नगरी पूर्वकार्य समीक्षाको उपयोग गरिएको छ । सङ्कलित सामग्रीहरूका आधारमा थिम (विषयवस्तु) को निर्माण गरी कथ्यलाई पुष्टि गर्न विवेच्य कवितासङ्ग्रहका विशिष्ट पङ्क्तिहरूलाई अध्ययनका सहभागी पक्ष मानेर कथन पुष्टि गर्ने साक्ष्यको रूपमा तिनलाई प्रस्तुत गरिएको छ । प्रस्तुत लेखका लागि कविताविधा सम्बद्ध तत्त्वहरूलाई अध्ययनको सैद्धान्तिक आधार मानिएको छ । यस लेखमा थिम (विषयवस्तु) हरूका आधारमा वर्णनात्मक र विश्लेषणात्मक अध्ययन विधिका माध्यमबाट विवेच्य कवितासङ्ग्रहमा सङ्कलित कविताहरूको विधातात्विक विश्लेषण गरिएको छ । यसका साथै प्रस्तुत लेखमा गर्भे टिप्पणी र सन्दर्भ सामग्री सूचिलाई एपिए पद्धतिको ढाँचामा राखिएको छ ।

## प्राप्ति र छलफल

आफ्ना कवितामा भावलाई सहज र परिष्कृत रूपमा खेलाउँदै विभिन्न रसपरिपाकमा पुऱ्याउने युगबोधी र जीवनबोधी साहित्यिक मूल्यमान्यता राख्ने कवि पोखरेल स्वच्छन्दवादी भावधारा र परिष्कारवादी शैलीका प्रतिभाशाली कविसाधक रूपमा देखिन्छन् । उनका काव्यकविता हृदयस्पर्शी, मर्मस्पर्शी र जीवन्त देखिन्छन् । कवि पोखरेलका साहित्यिक सिर्जनाहरूलाई हेर्दा उनी मूलतः आत्मपरक, भावतफ्वमा केन्द्रित रहेका पाइन्छन् । श्रेष्ठ (२०६०) का विचारमा कवि पोखरेलका कवितामा देशप्रेम, भाषासाहित्यप्रति मोह, परम्पराको जगेर्ना र आस्था तथा नारीवादी चिन्तनहरू पाइन्छन् । त्यसैगरी सुवेदी (२०६१) ले कविवर भानुभक्त पोखरेल शाश्वत चिन्तन गर्न सक्ने युगद्रष्टा विशिष्ट श्रेणीका कवि हुन् भनेका छन् । त्यस्तै घिमिरे (२०३९) को कथनअनुसार पूर्वीय काव्यमान्यताका आधुनिक काव्यचिन्तक पोखरेलका कवितामा भाव र शैलीको सन्तुलित रूप देख्न पाइन्छ । त्यसै गरी उपाध्याय (२०६८) अनुसार उनको व्युत्पत्तिशील विद्वता तथा जीवन-जगत्प्रतिको कान्तदर्शिताजस्ता पक्षहरू अत्यन्त उच्च गम्भीर स्तरका देखिन्छन् । उनका कविताकाव्यमा निखरा नेपाली सौन्दर्य र खरा विचार पाइन्छन् । यिनै सन्दर्भहरूलाई हेर्दा २०१७ सालदेखि २०६० को अन्त्यसम्ममा रचना गरिका कविताहरू सङ्कलित मुसाको सिङ कवितासङ्ग्रहमा समाविष्ट कविताहरूमा सन्निहित

विधातत्त्वहरू शीर्षकीकरण, संरचना, विषयवस्तु तथा भावविधान, छन्द एवम् लयविधान, भाषाशैलीलाई प्राप्तिका रूपमा लिएर थिमेटिक रूपमा निम्नानुसार छलफल गरिएको छ ।ः

**शीर्षकीकरण**

कविताको शीर्षकीकरण गर्दा कवि पोखरेलले प्रतिकात्मक व्यङ्ग्य शीर्षक राख्ने रुचि देखाएको पाइन्छ । उनका कविताहरूमा उन्यौ फूल्छ, ढुङ्गो टुसाउँछ र मुसाको सिङ उम्रिन्छ । सामान्य व्यवहारमा हेर्दा मुसाको सिङ पलाउनु दुर्लभ कुरा हो, यो असम्भव कुरा हो । मुसाको सिङ पलाउन सक्दैन । तर प्रस्तुत कविता सङ्ग्रहको शीर्षक सन्दर्भलाई हेर्दा एकातिर केही प्रतिष्ठित साहित्यिक व्यक्तित्वहरूसमेत छन्दका विरुद्धमा खनिएर अब छन्दमा कविता लेख्न असम्भव छ भनिरहेका बेलामा, छन्दमा कविता सिर्जना हराइसकेको अवस्थामा कवि पोखरेलले छन्दमै कविता रचेर यो असम्भवमा सम्भवको खोजी हो भन्ने देखाउन यस सङ्ग्रहको नाम 'मुसाको सिङ' जुराएको देखिन्छ । त्यस्तै छन्दवादी कवि भएका नाताले आफूले प्रशस्त हन्डर, अपमान र तिरस्कार सहनुपरेको स्थितिले पनि असम्भवमा सम्भवको खोजी हो भन्न कविले छन्दमा रचना गरिएका कविताहरूलाई सङ्ग्रहित गरेर प्रस्तुत सङ्ग्रहको नाम 'मुसाको सिङ' राखेको प्रतीत हुन्छ । अर्कोतिर विभिन्न समयमा सिर्जना गरेर त्यतिकै थन्किएका, हराउने स्थितिमा पुगिसकेका र चारतिर छरिएर विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका फुटकर कविताहरू लुप्त प्रायः भइसकेका अवस्थामा यो 'मुसाको सिङ' उम्रिएको देखिन्छ । तिनै दुर्लभ प्रायः कविताहरू नै कहिल्यै भेटिन नसकिने मुसाका सिङका प्रतीकका रूपमा पनि देखिन्छन् । त्यसैले ती सबै कविताहरू र तिनको भावप्रणवता एकैठाँउमा प्राप्त गर्नु दुर्लभ कुरा हो भन्ने प्रतीकात्मक अर्थ शीर्षकले बोकेको देखिन्छ । मुसाको सिङ नामकरणको कविता यस संग्रहमा नदेखिए पनि धेरै वर्ष पहिलेदेखि मुसाको सिङ उमार्ने कविको कल्पना यस सङ्ग्रहमा साकार भएको  पाइन्छ । प्रत्यक्षभन्दा अप्रत्यक्षमा रमाउने, मूर्तताबाट अमूर्ततातिर जाने, असम्भवभित्र सम्भवको खोजी गर्ने र यथार्थजगत्का वस्तुतत्त्वलाई रहस्यमय बनाउने स्वच्छन्दवादी प्रवृत्ति भएका पोखरेलका यस सङ्ग्रहका कविताहरूको रचना समय, रूप, भाव, शिल्प, शैली र विषय विविधता हेर्दा ती कविताहरू मुसाको सिङका प्रतीक ठानिएकाले असम्भवको सम्भव, अप्राप्तिको प्राप्ति अर्थद्योतन गर्न शीर्षक सार्थक देखिन्छ । अतः विवेच्य कविता सङ्ग्रहको शीर्षकीकरणमा प्रतीकात्मक व्यङ्ग्यसमेत पाइन्छ ।

**संरचना**

कवितासङ्ग्रहको कविताक्रममा कवि पोखरेलले ४५ सङ्ख्याको उल्लेख गरे पनि परिशिष्टमा संस्कृतका २ ओटा कवितासमेत दिएर यो सङ्ग्रह ४७ कविताको पुञ्ज भएको छ । असमान हरफको एक श्लोक मानिएका यस सङ्ग्रहका कविताहरू दुई पाउको एक श्लोकदेखि कतै ६

पाउ, कतै ८ पाउ, कतै ९ पाउ र १४ पाउको एक श्लोकसम्म भएका पाइन्छन् । ४५ ओटा कवितामध्ये २७ ओटा कविताहरू चार पाउको एक श्लोक ढाँचामा संरचित छन् । ७१ पृष्ठ भएको यस सङग्रहमा सबैभन्दा लामो कविता 'युगबोधी कवि र जीवनबोधी पाठक' रहेको छ जुन ५६ श्लोकमा रचिएको छ । सबैभन्दा सानो आयामको कविता १२ पङ्क्तिपुञ्जमा रचिएको 'आफैँतिर फर्किहेर्दा' रहेको छ ।

**विषयवस्तु तथा भावविधान**

सङ्ग्रहका कविताहरू विविध विषयवस्तु र भावलाई अँगालेर सिर्जना गरिएको पाइन्छ । उनका कवितामा असम्भव कुरा पनि सम्भव हुन जान्छ । सुवेदी (२०६१) का अनुसार संसारमा न ढुँगो टुसाउँछ, न मुसको सिङ पलाउँछ तर पनि भानुभक्त टुसाएर भ्याङ्गिन्छन् र तिखारिन्छन् पनि । यो उनको मौलिक विशेषता हो जसभित्र सामाजिक विकृति र विसङ्गति झल्किन्छ । देशभक्ति जातीय गौरव मुस्काउँछ, प्रेमरसमाधुर्य तप्किन्छ, नयाँ नयाँ कविता सिद्धान्तहरू जन्मन्छन्, भाषासाहित्यको महिमा गाइन्छ, प्रकृतिलाई नचाइन्छ र सृष्टिसौन्दर्यलाई हँसाइन्छ । तसर्थ उक्त कविता सङ्ग्रहका कविताहरूले राष्ट्रप्रेम, नारी स्वतन्त्रता र सामर्थ्य चेतना, जीवनवादी दृष्टिकोण, मानवतावादी दर्शन, प्रेमप्रणय चिन्तन, काव्यचिन्तन, व्यङ्ग्यात्मकता, विद्रोही भाव तथा क्रान्तिकारिता, सुरम्य प्रकृति चित्रण, सांस्कृतिक आर्षमहिमा गान, ग्राम विकास प्रियता आदि राष्ट्रिय जीवनका विविध पक्षहरूलाई कविताहरूले समेटेको पाइन्छ ।

***राष्ट्रप्रेम***

कवितामा स्वदेश र स्वजातिको महिमा गाइएको छ । यसका साथै मातृभूमिको स्नेहरूपी सुधा सुक्यो भने आफ्नो जातिप्रति मायाममता टुट्यो भने त्यो देशको बासिन्दा शून्य आकाशमा त्रिशङ्कु सुकेसरी सुक्छ । प्रचण्ड सूर्यले नरम तफ्व झुऱ्याए जस्तै झुरिन्छ र नासिन्छ त्यसपछि राष्ट्र पनि रहँदैन, जनता पनि रहँदैनन् । त्यसैले प्रत्येक नागरिकले आफ्नो जातीय अभिमान, गौरवमय इतिहास कायम राख्न जुर्मुराउनु पर्दछ अनि मात्र राष्ट्र बन्छ अनि मात्र मान्छे बन्छ भन्ने देशभक्ति एवम् राष्ट्रप्रेमको आरती गाइएको छ भन्ने तथ्यलाई 'स्वदेशको माया' कवितामा प्रस्तुत निम्न साक्ष्यलाई अघि सार्न सकिन्छ :

> जातीय माया, ममता मरेपछि
> स्वदेशको स्नेहसुधा सुकेपछि
> म सुक्छु ठाडै झुरिएर कस्तरी
> त्रिशङ्कु शुन्याम्बरमा सुकेसरी ।४। (पृ. १)

त्यसै गरी हाम्रो अस्तित्व राष्ट्रको अस्तित्वमा निर्भर रहने तथ्यप्रति सङ्केत गर्दै 'नेपाली दिलको धून-धडकन' कवितामा उनको राष्ट्रप्रेम यसरी छचल्किन्छ :

हाम्रो राष्ट्रबिना हामी अल्पिन्छौं एक सासमा
बिना शरीरको प्राण अल्पिएझैं बतासमा ।२।

त्यस्तै गरिबी र विदेशीहरूको एक पछि अर्को दवावले हाम्रो देश जर्जर बनिसकेको छ । यो डुब्न आँटेको देशलाई बचाउन कुनै क्रान्ति पुरुषको जन्म हुन जरुरी भइसकेको यथार्थ 'शान्ति क्षेत्रको मानचित्र हेर्दा' कवितामा प्रष्ट गरिएको छ । यस तथ्यलाई पुष्टि गर्न उक्त कविताबाट निम्न साक्ष्य प्रस्तुत गर्न सकिन्छ :

दारिद्र्यले जर्जर भित्रभित्रै
दबाव वैदेशिक पत्रपत्रै
यो राष्ट्र आँटेछ हुनै तवाह
औतार मैले नलिए बराह । ६ ।

***नारी स्वतन्त्रता र सामर्थ्य चेतना***

नेपाली नारीहरूलाई स्वतन्त्रता, प्रेरणा र हौसला दिन सके उनीहरू पुरुषभन्दा कम्ती छैनन् भन्ने नारी शक्ति सामर्थ्यको पहिचान गराउन खोजिएको छ । पुरुषप्रधान समाजमा नारीहरूलाई सानातिना लोभ देखाई पुरुषहरूले भुल्याउने गरेका, जकड-पकडमा राखेका, मुखमा राम राम बगलीमा छुरा भिरेर नारीहरूलाई हप्काई दप्काई त्रस्त पार्ने गरेका आदि प्रवृत्तिले नारीहरूको स्वतन्त्रता हरण भएको यथास्थितिप्रति कविको छाती चिरिने गरेको उनका कवितामा प्रकट भएको देखिन्छ । कवितामा अभिव्यक्त भएको छ । पुरुषहरूले नारीहरूलाई स्वतन्त्रता र प्रेरणा दिनु पर्ने अनि मात्र उनीहरूको प्रगति भई पुरुषले जस्तै पहरा फोरी आफ्नो अस्तित्वको रक्षा गर्न र सामर्थ्य देखाउन सक्ने थिए भन्ने कविको ठहर देखिन्छ । यस तथ्यलाई पुष्टि गर्न प्रमाणको रूपमा 'सरिता दिदीसित' कविताका निम्न अंशलाई साक्ष्यका रूपमा प्रस्तुत गर्न सकिन्छ :

हामी नारीहरूमा पनि प्रगतिमुखी प्रेरणा त्यो जगाऊ
आफूजस्तै कुकारगृहमय पहरा फोर्न सक्ने बनाऊ ।११।

***जीवनवादी दृष्टिकोण***

सुखदु:ख मानिसको जीवनका दुई अभिन्न पाटा हुन् । जीवनमा सुखदु:ख आइरहन्छन्, गइरहन्छन् । हामीले धैर्य गरी अघि बढे मात्र जीवन सार्थक हुन्छ भन्ने जीवनवादी

दृष्टिकोणलाई 'देवकुमारी दिदीप्रति' कवितामा पानी र जीवनको तुलना गरेर कवि यसरी व्यक्त गर्दछन् :

पानी  उँधोमात्र बहन्छ बेगिन
उँधो-उँभो बग्छ भनिन्छ जीवन
उँधो बगे सागरमा छ हेलिनु
उँभो  बगे शैल हिमाल उक्लिनु ।

त्यसै गरी मान्छेले जीवनमा हिनताबोध गर्नु हुँदैन । डरलाग्दा भीर र पहरामा छहरा रमाए जस्तै एक अर्काको मायाप्रेममा हामी बाँच्न सिक्नुपर्छ भन्ने कविको जीवनवादी दृष्टिकोणलाई 'तिमी आफैँ तर्सिन्छौ' कवितामा यसरी प्रकट भएको पाइन्छ :

कहालीलाग्दा भीर र पहरामा पनि
छहराहरू नाचेकै हुन्छन्
मान्छेको माया पाएर नै
मान्छेहरू बाँचेका हुन्छन् । २ ।

***मानवतावादी दर्शन***

पोखरेलका कवितामा मानवतावादी दर्शनका आधारमा मानव र मानवतालाई चिनाउँन खोजिएको पाइन्छ । 'उड्दै गरेको भुवासित' कवितामा मान्छेभित्रको खोक्रोपन, घमण्ड, रिसरागले उभित्रको मानवतावाद समप्त हुँदै गइरहेको भावाभिव्यक्ति पाइन्छ । उड्नमा सबैभन्दा हलुका मान्छेको मन भनिए पनि वास्तवमा वर्तमानमा मान्छेको मनझैँ गह्रौं कवि केही पनि पाउँदैनन् । भित्र गुदी नभएका मान्छेहरू भुवाजस्तै हलुँगो भई माथिमाथि उचालिँदै जान्छन् । भित्र चिसो, हठ, स्वार्थ र कपटको पोको बोकेकाहरू तलतल भासमा भासिँदै गइरहेको अमानवीय प्रवृत्तिलाई साक्ष्यका रूपमा उक्त कविताका निम्न अंशलाई उभ्याउन सकिन्छ :

हामी ओजनदार, धन्य, धकिलो, व्यक्तित्वशाली हुन
अर्काका रिस रागले अमिलिई भाले-भलाद्मी हुन
आफैंभित्र निमोठिएर अररो बन्ने गरेको गऱ्यै
घाँटीसम्म डुबीसक्यौं कपटको कुम्लो भिरेको-भिऱ्यै । ५।

***प्रेमप्रणय चिन्तन***

पोखरेलका कवितामा कविभित्रको प्रेमप्रणय चिन्तनहरू शिष्ट रतिरागात्मक शैलिमा प्रस्तुत गरिएको पाइन्छ । नारी सौन्दर्यको चित्रणमा खप्पिस कवि पोखरेल 'मुक्तक-सुक्तक'

कवितामार्फत् कर्तव्य विमुख भएका वैरागीहरूमा राग उत्पन्न गर्न युवतीहरूलाई धनु तानेझैँ आँखीभौँ तानेर मुस्कानको वाणले हान्ने सल्लाहसमेत दिने गरेको तथ्यलाई उक्त कविताका निम्न साक्ष्यलाई प्रमाणका रूपमा प्रस्तुत गर्न सकिन्छ :

जूनभन्दा निष्कलङ्की हिउँभन्दा गोरी
मिर्मिरेमा मुस्कुराउने सल्लेरीकी छोरी
आँखीभौंको धनु तानी मुस्कानको वान
हामीजस्ता वैरागीलाई मर्ने गरी हान ।९।

सुवेदी (२०६१) का अनुसार पोखरेलका काव्य कवितामा प्राकृतिक प्रेममा रागात्मक आत्मीयता र समर्पण पाइन्छ । मान्छे संसारमा मायाले नै टिकेको हुन्छ । एक अर्काको दिलमा प्रेम बसेपछि त्यो नमेटिने दाग बन्दछ । यो यस्तो अचम्मको जादु हुन्छ जस्मा आफूले हारे पनि जितेजस्तो लाग्न पुग्छ भन्ने प्रेमपरकता उनका कवितामा जतासुकै छताछुल्ल भएर पोखिएका पाइन्छन् । यस तथ्यलाई प्रस्तुत गर्न 'आजभोलि किन मलाई' का निम्न कवितांशलाई अघि सार्न सकिन्छ :

यो दिलमा लागेपछि त्यो दिलको राग
जतिसुकै मेटे पनि नमेटिने दाग
जितेजस्तो लाग्ने सधैं हारे पनि आफू
अचम्मको यो मायाको 'वि-से-मि-रा' जादू ।

***काव्यचिन्तन***

प्रस्तुत सङ्ग्रहका प्रायः जसो कविताहरूमा कविका काव्यकलासम्बन्धी चिन्तनहरू छताछुल्ल भएर पोखिएका छन् । 'कविता चिन्तन-अनुचिन्तन', 'कामन कविको छवितिर हेर्दा', 'म आज एउटा कविता फुराउँ', 'कविलेखनाथलाई तर्पणपत्र', 'अत्याधुनिक कविगोष्ठी', 'युगबोधी कवि र जीवनबोधी पाठक', 'प्रश्नोत्तरी', 'बुद्धिछिनोद प्रश्नोत्तरी', 'तँ शून्यमा सृष्टिसरि पलाइस','तँ शून्यमा शून्यसरि बिलाइस' आदि कविताहरूमा काव्यकविता के हो ? यो कसरी सिर्जना हुन्छ ? कवि कलाकार को हो ? कवितामा छन्दलयको किन आवश्यकता छ ? आदि प्रश्नहरूको जवाफ काव्यचैतन्य दृष्टिकोणले प्रस्तुत गरिएको पाइन्छ । सुवेदी (२०६१) ले स्रष्टा र द्रष्टाको पारस्परिक सहयोग र सद्भाव नरहने हो भने सिर्जनाको संसारमा राम्रो थिति रहन सक्तैन भन्ने उनको ठनाइ छ भनेका छन् । कवि पोखरेलका विचारमा भाषा शिल्प र शब्दशक्तिको सम्पनता हुँदामा मात्रै कविता रच्न सकिदैन । जसरी वर्षाकालको मेघमा जतिसुकै पानी जमेपनि बिजुली नचम्केसम्म पानी पर्दैन त्यसैगरी हृदयमा भाव

नछचल्किएसम्म काव्यकविताको जन्म हुन सक्दैन भन्ने उनको काव्यतिन्तनलाई 'कविता चिन्तन-अनुचिन्तन' कविताका माध्यमबाट यसरी प्रकट भएको देखिन्छ :

भाषा शिल्प र शब्दशक्ति श्रुतिको सम्पन्नतामै पनि
इच्छाशक्तिबिना अदम्य कविको, गुँज्दैन काव्य ध्वनि
वर्षाकालिक मेघमा जतिसुकै पानी जमाए पनि
विद्युद्वेगतरङको छविविना पर्दैन दर्के पानी ।१।

## *युगबोध र जीवनबोधसम्बन्धी दार्शनिक दृष्टिकोण*

कवि पोखरेलका कवितामा युगबोध र जीवनबोधसम्बन्धी दार्शनिक दृष्टिकोण प्रस्तुत भएको छ । भट्टराई (२०६०) ले उल्लेख गरेअनुसार उनका कवितामा युगबोध साहित्यिक मूल्य प्राप्तिको पार्श्वभूमि हो भने जीवनबोध साहित्यको वास्तविक मूल्यबोध हो । यस दृष्टिले हेर्दा समसामयिकता मात्र कविता होइन, युगबोध र जीवनबोध दुवैको समन्वयबाट मात्र शाश्वत कविता जन्मिन्छ भन्ने कविको मान्यता देखिन्छ । सुवेदीका (२०६१) अनुसार युगवोध मात्रै सम्पूर्णता हैन, सम्पूर्णता त जीवनबोध हो जसमा युगबोधको दाउन पर्नु राम्रो हुन्छ भन्ने कविको मान्यता छ भनिएको पाइन्छ । यस तथ्यलाई पुष्टि गर्न 'युगबोधी कवि र जीवनबोधी पाठक' कविताका निम्न अंशलाई साक्ष्यको रूपमा उपस्थित गराउन सकिन्छ :

हाम्रो जीवनबोध नै सृजनाको पैलो महामन्त्र हो
देस्रो यो युगबोध-सामयिकता त्यै गुञ्जिने यन्त्र हो ।९।

## *व्यङ्ग्यात्मकता*

यस सङ्ग्रह अधिकांश कविताहरूमा विकृति र विसङ्गतिप्रति कटुव्यङ्ग्य प्रहार गरिएको पाइन्छ । वर्तमान समयको मान्छे अरूमा निहित नैसर्गिक प्रतिभालाई आफ्नो बोके ज्ञानले निस्तेज पार्न खोज्छ भन्दै त्यस्ता बोके ज्ञानीप्रति 'मेरो व्यथा भन्दिन म' कवितामा कविले दह्रो झापट हानेको साक्ष्य निम्नानुसार देखिन्छ :

दवाइपानी गरी मलाई पार्न खोजे सद्दे
रोगाउँछ मैलाई नै निको पार्ने वैद्ये ।।

त्यसै गरी जताततै शोषण, अन्याय, अत्याचार र अशान्तिले आक्रान्त पारेको यो देशलाई शान्तिक्षेत्रको घोषणा गरेर पञ्चायत कालमा विश्वको आँखामा कसरी छारो हालिएको थियो भन्ने तितो सत्यलाई 'शान्तिक्षेत्रको मानचित्र हेर्दा' कविताका निम्न कवितांशका माध्यमबाट कविले व्यङ्ग्य वाण हानेको पाइन्छ :

जताततै शोषणका कहाली

बैषम्य भस्मासुरका बहाली
अशान्तिका बीज छरी, उमारी
छ शान्तिको शोध र खोज जारी ।४।

त्यसै गरी चोरीचाकरी गरी कवि बनेका, ज्ञानगुन नभए पनि अर्काको रचना सारेर आफ्नो नाम फैलाउन चाहने फूर्तिला साहित्यकारहरूप्रति आक्रोशित हुदै 'भानुको भनाइ : भानेको कनाइ' कवितामा कवि यसरी व्यङ्ग्य गर्छन :

मेरा टिकाउ न त मौलिक काव्य क्यै छन्
जो पंक्ति छन् ति पनि चोरिचकारिकै छन्
ए घाँसी हो ! मकन क्यान दिंदौन अर्ती ?!
धिक्कार हो मकन हिंडनु लडाइ फुर्ती ।

***विद्रोही भाव तथा क्रान्तिकारिता***

पोखरेलका कवितामा शोषण, अन्याय र अत्याचारहरूको चित्रणका माध्यमबाट विद्रोह तथा क्रान्तिकारी भाव पोख्दै भोका नाङ्गा शोषित-पिडित दुःखी-गरिवहरूका पीडा र छटपटीहरू व्यक्त गरिएको पाइन्छ । यस तथ्यलाई पुष्टि गर्न 'आयो बेला साथी हो' कविताका अंशलाई निम्न साक्ष्यका रूपमा अघि सार्न सकिन्छ

हामी सधैं मैला-धैला
गन्धे, खस्रा-मस्रा
सुकेनासले चुसेजस्ता
दुब्ला, धुस्रा-फुस्रा
हाम्रो खान्की खोस्नेलाई
मुड्की उभ्भाई बोल्ने
भयो बेला साथी हो .........।२।

***सुरम्य प्रकृति चित्रण***

नेपालीहरूले स्वतन्त्रता र प्रजातन्त्र पाएको दिन नेपाली प्रकृतिसमेत खुशी र उमङ्गले प्रफुल्लित भएको थियो भन्ने ऐतिहासिक भावलाई 'त्यो दिन- यो दिन' कवितामा प्रकृतिका माध्यमबाट कवि यसरी व्यक्त गर्दछन् :

हरिया वन-वृक्ष सुसाउँदथे
पहरा र पहाड रसाउँदथे
दगुरेर सुनाउँदथ्यो सनन
जनजागृति गीत मिठो पवन ।२।

### *सांस्कृतिक आर्षमहिमा गान*

भौतिकवादी संसारमा मान्छे जतिसुकै भौतिक वस्तुमा रमाए पनि अहिले उनीहरूका मनमा दुर्भाव पलाएर आफ्नो धर्म संस्कृति बिर्सिएर मनोरोगी भएका छन्, त्यो रोगलाई निको पारी युगलाई स्वस्थ बनाउन 'विजुवाप्रति' कवितामा हाम्रो सांस्कृतिक आर्षमहिमा गान गाउँदै कवि भन्दछन् :

मान्छे छन् मनका मदौरु अहिले दुर्भाव खाब्जे परी
थाले भुल्न स्वयं किरातहरू नै आफ्नो महासंस्कृति
धारी तान्त्रिक शैवरूप डमरु-डुग्गी बजाईकन
यो रोगी युग स्वस्थ पार, शिरको पारो पियाईकन । ६।

### *ग्रामविकासप्रियता*

कवि पोखरेलका विचारमा गाँउलाई नसुधारेसम्म देश सुध्रन सक्दैन । निम्जा गाँउलेहरूको हक अधिकार छिनेर सहरलाई मात्र सुसार्ने पक्षपाती प्रवृत्ति जहिलेसम्म रहिरहन्छ, त्यहीलेसम्म नेपालको विकास सम्भव छैन भन्ने कटु यथार्थ 'देशविकासको आधारशिला' कविताका माध्यमबाट उनमा ग्रामविकासप्रियताको भाव झल्किएको तथ्यलाई निम्न साक्ष्यका आधारमा प्रस्तुत गर्न सकिन्छ :

मोसेर निम्जा जन गाँउ मारी
पोषेर हर्द शहरै सुसारी
गरिन्छ जैलेतक पक्षपात
हुँदैन तैलेतक क्यै विकास । ५।

### **छन्द एवम् लयविधान**

कवि भानुभक्त पोखरेललाई वार्णिक छन्दका युगकवि मानिन्छ । उनी मूलतः छन्दवादी कवि हुन । घिमिरे (२०६८) का अनुसार पोखरेलमा छन्दलाई रसको अनुकूल रचना गर्ने शक्ति छ । उनका छन्दहरू गेय बनेका छन् । आफ्ना भावको फाँकी पुष्ट नहुन्जेल कविताका पाउहरू घटबढ गरिरहन रुचाउने कवि पोखरेलले प्रस्तुत कविता सङ्ग्रह छन्द एवम् लयविधानले पुष्ट कृतिका रूपमा देखिन्छ । श्रेष्ठ, दयाराम र शर्मा मोहनराज (२०४९) का विचारमा उनी छन्दमा मार्मिक र व्यङ्ग्य कविता लेख्ने कवि हुन् । लय आश्रित निमित्त आवर्ती रूपमा मुक्त छन्दको प्रयोग पनि उनले गरेका छन् । जे भए पनि उनी कवितामा लय सिर्जना गर्न पछि पर्दैनन् किनभने उनका विचारमा लयविना कविता हुनै सक्दैन । तिम्सिना (२०५३) का अनुसार काव्यात्मक दृष्टिले कवि पोखरेलको सफलता शार्दूलविक्रीडित, उपजाति आदि छन्दमा बढी प्रखर र प्रवल रहेको पाइन्छ । यसरी हेर्दा यस सङ्ग्रहमा शार्दूलविक्रीडित, अनुष्टुप, वंशस्थ,

शिखरिणी, उपजाति आदि वर्णमात्रिक छन्द, लोकलयआश्रित गीति छन्द आदि विविध छन्दहरूको सुन्दर तथा कुशल प्रयोग गरेको पाइन्छ ।

**भाषाशैली**

प्रस्तुत कवितासङग्रहमा कवि पोखरेलले संस्कृतनिष्ठ तत्सम र तद्भव शब्दको यथेष्ट रूपमा प्रयोग गरेका छन् । यसका साथै नेपाली भाषाका मौलिक ठेट (झर्रा) शब्दहरूको यथोचित समन्वय र प्रयोग पनि गरेका छन् । जसले गर्दा उक्त सङग्रहका कविताहरूमा भाव र विषयवस्तुको राम्रो समन्वय पाइन्छ । त्यसैगरी भाव र विषयवस्तुअनुकूल विम्ब, प्रतिक, रस र अलङ्कारहरूको पनि कुशल संयोजन गरेको देखिन्छ । यसम्बन्धमा शर्मा (२०५१) ले पनि भाषिक प्रयोगमा सहजता प्राप्त गरेका पोखरेलले आफ्ना कवितामा प्राकृतिक र सांस्कृतिक बिम्ब प्रतीक एवम् विभिन्न अलङ्कारको सहज प्रयोग गरेको कुरा उल्लेख गर्दै अनुप्रासको सौन्दर्य र भावानुभूतिको तीव्रता भानुभक्त पोखरेलका काव्यकविताका विशेषता हुन भनेका छन् । अतः स्वच्छन्दतावादी भावयुक्त भाषा र परिष्कृत शैली, कुशल संरचना शिल्प, सहज, सरल रसमय अभिव्यक्ति कौशल उनका मुख्य कवितात्मक प्रवृतिका रूपमा आएका छन् भन्न सकिन्छ । विवेच्य कविता सङ्ग्रहका कविताहरूलाई हेर्दा कवि पोखरेलको काव्यकला शिल्पपूर्ण र हृदयसंवेद्य देखिन्छ । त्यस्तै यस सङ्ग्रहमा एकातिर वर्णनात्मक तथा व्यङ्ग्यात्मक र अर्कोतिर संवादात्मक, प्रश्नात्मक एवम् नाटककीकरण शैलीको प्रयोग गरिएको छ । जसले गर्दा विवेच्य सङ्ग्रहका कवितालाई रोचक एवम् घोचक बनाउन सहयोग पुऱ्याएको देखिन्छ ।

## निष्कर्ष

थोरै नेपाली छन्दवादी कविमध्येका एक मुख्य व्यक्तित्व भानुभक्त पोखरेलले छन्दोवद्ध कवितालेखन अनावश्यक र असम्भव ठानिएका समयमा छन्दोवद्ध कवितालेखन कसरी सम्भव हुँदोरहेछ भन्ने तथ्य पुष्टि गर्न प्रस्तुत कविता सङ्ग्रहको नाम 'मुसाको सिङ' राखेको प्रतीत हुन्छ । यस सङ्ग्रहका कविताहरूलाई शीर्षकीकरण, संरचना, विषयवस्तु तथा भावविधान, छन्द एवम् लयविधान र भाषाशैलीलाई प्राप्तिका रूपमा थिम मानेर विश्लेषण गरिएको छ । विषयवस्तु तथा भावविधानको क्रममा राष्ट्रप्रेम, नारी स्वतन्त्रता र सामर्थ्य चेतना, जीवनवादी दृष्टिकोण, मानवतावादी दर्शन, प्रेमप्रणय चिन्तन, काव्यचिन्तन, युगबोध र जीवनबोधसम्बन्धी दार्शनिक दृष्टिकोण, व्यङ्ग्यात्मकता, विद्रोही भाव तथा क्रान्तिकारिता, सुरम्य प्रकृति चित्रण, सांस्कृतिक आर्षमहिमा गान, ग्राम विकास प्रियता आदि मानवजीवनका विभिन्न विषय र भावहरूको प्रस्तुति गरेको पाइन्छ । यसका साथै प्रस्तुत सङ्ग्रहका कविताहरूमा विषयवस्तु र भावअनुकूलको प्रभावकारी भाषाशैलीको प्रयोग गरेको पाइन्छ ।

## सन्दर्भसूचि

अवस्थी, महादेव (२०६८), कवि भानुभक्त पोखरेल र उनको काव्यचौगेडी, भूमिका खण्ड, *काव्यचौगेडी,* ले. भानुभक्त पोखरेल, एकता बुक्स डिस्ट्रिव्युटर्स ।

उपाध्याय, केशवप्रसाद (२०४९) , *साहित्य प्रकाश* (पाँचौं संस्क), साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६८), नेपाली खण्डकाव्य परम्परामा कवि भानुभक्त पोखरेलको योगदान, भूमिका खण्ड, *काव्यचौगेडी,* (ले. भानुभक्त पोखरेल), एकता बुक्स डिस्ट्रिव्युटर्स ।

घिमिरे, माधव (२०३९), *पच्चीस वर्षका महाकाव्य,* भूमिका खण्ड, ने.रा.प्र.प. ।

घिमिरे, माधव (२०६८), कविबाट महाकवितिर (भूमिका खण्ड), *काव्यचौगेडी,* ले. भानुभक्त पोखरेल, एकता बुक्स डिस्ट्रिव्युटर्स ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६१), *नेपाली कविता र काव्य,* एम.के.पब्लिर्सस एण्ड डिस्ट्रिब्युटर्स) ।

तिम्सिना, अनिरुद्ध (२०५३), 'ढुङ्गाको टुसो : कविताको सुगन्ध' भूमिका खण्ड, *ढुङ्गाको टुसो,* ले. भानुभक्त पोखरेल, लेखक आफैं ।

थापा, हिमांशु (२०५०), *साहित्य परिचय* (चतुर्थ संस्क.), साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०६१), *मुसाको सिङ,* लेखक आफैं ।

पोखरेल, भानुभक्त (२०६८), *काव्यचौगेडी,* एकता बुक्स डिस्ट्रिव्युटर्स ।

पौडेल, कृष्णविलास (२०७६), *आधुनिक नेपाली कविता र काव्य,* नवीन प्रकाशन ।

भट्टराई, गोविन्दप्रसाद (२०७७), *पूर्वीय काव्य सिद्धान्त,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, रामचन्द्र (२०६०), मृत्युञ्जय महाकाव्यको संक्षिप्त अध्ययन (अप्रकाशित शोधप्रतिवेदन), त्रि.वि. काठमाडौं ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, तारानाथ (२०५१), *नेपाली साहित्यको इतिहास* (तेस्रो संस्क.), नवीन प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज (२०४९), *नेपाली साहित्यको संक्षिप्त इतिहास* (चौथो.संस्क.), साझा प्रकाशन ।

श्रेष्ठ, उषा (२०६०), भानुभक्त पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (अप्रकाशित शोधप्रतिवेदन), त्रि.वि. काठमाडौं ।

सुवेदी, दधिराज (२०६१), *मुसाको सिङ,* (भूमिका खण्ड), ले. भानुभक्त पोखरेल, लेखक स्वयम् ।